# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड १०, संख्या : ८, भाद्र १५ गते, २०८३ साल

व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।


# भाग २

## व्यास नगरपालिका जलचर तथा जलीय जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०८३

नगर कार्यपालिकाबाट पारित मिति : २०८३।५।८

प्रस्तावनाः व्यास नगरपालिका क्षेत्रभित्रका नदी, खोला, ताल, पोखरी, तलैया, जलचर तथा जलीय जैविक विविधताको संरक्षण, दिगो उपयोग, समुदायको सहभागिता, जलचरमा आधारित जीविकोपार्जनको प्रवर्द्धन तथा संरक्षणबाट प्राप्त लाभको समन्यायिक वितरण सुनिश्चित गर्न व्यास नगरपालिका जलचर तथा जलीय जैविक विविधता संरक्षण ऐन, २०८१ को प्रभावकारी कार्यान्वयनका लागि आवश्यक प्रक्रिया, मापदण्ड, संस्थागत जिम्मेवारी, अनुगमन, अभिलेख, सामुदायिक समूह व्यवस्थापन तथा अन्य कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाइएको हो ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "व्यास नगरपालिका जलचर तथा जलीय जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०८३" हुनेछ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) "अनुगमन समिति" भन्नाले यस कार्यविधिबमोजिम गठन भएको समिति सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले "व्यास नगरपालिका जलचर तथा जलीय जैविक विविधता संरक्षण ऐन, २०८१" सम्झनुपर्छ ।

(ग) "औजार" भन्नाले जलचरलाई समाउन, पक्रन, मार्न वा सङ्कलन गर्न प्रयोग हुने सबै किसिमका औजार, उपकरण, साधन वा सामग्री, विष्फोटक पदार्थ तथा महाजाल, करेन्ट

जाल, साधारण जाल, चौंदी जाल र भ्रेल, बल्छी, खुकुरी, भाला, दुवाली थुन्ने, पहाई टेक्ने, तिर कोच्ने, घन र मेसिन समेत सम्झनुपर्छ ।

(घ) "कार्यपालिका" भन्नाले व्यास नगरपालिका नगर कार्यपालिका सम्झनुपर्छ ।

(ङ) ''कार्यसमिति" भन्नाले ऐनको दफा २५ बमोजिम दर्ता भएको सामुदायिक जलचर संरक्षण समूहको ऐनको दफा २९ बमोजिम गठन भएको कार्यसमिति सम्झनुपर्छ ।

(च) "कोष" भन्नाले ऐनको दफा ३१ बमोजिम स्थापना भएको सामुदायिक जलचर संरक्षण समूहको कोष सम्झनुपर्छ ।

(छ) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।

(ज) "जलचर" भन्नाले नदीनाला, खोला वा तालतलैया, पोखरी, प्राकृतिक वा कृत्रिम जलासय, नहर, कुलो, मुल र तिनीहरुको स्रोत तथा मत्स्य पालनका लागि जडान भएको पिंजडा (केज) वा जलचर ह्याचरी भित्र बस्ने घस्रने प्राणी, शंखे किरा, माछा, भिङ्गे माछा, गंगटा, कछुवा, ओत र अन्य जलीय स्तनधारी जीव तथा जलमा आश्रित पंक्षी लगायत अन्य जलचर तथा जुनसुकै जीव सम्झनुपर्छ ।

(झ) "जलचरमा आश्रित समुदाय" भन्नाले नदीनाला, खोला, तालतलैयामा रहेका जलचरमा आंशिक वा पूर्ण रुपमा आधारित भई जीविकोपार्जन गर्ने समुदाय सम्झनुपर्छ ।

(ञ) "जलीय जैविक विविधता" भन्नाले नदी, खोला र तालमा रहने जीवहरुको भिन्नता, प्रकार र जम्मा संख्या तथा तिनीहरु बिचको अन्तरसम्बन्ध र प्राणी, वनस्पति तथा सुक्ष्म जीवाणुहरुमा पाइने विविधता र तिनीहरुको संयोजन सम्झनुपर्छ र सो शब्दले आनुवंशिक विविधता ( जेनेटिक डाइभर्सिटी), जातीय वा प्रजातीय वा प्रजातिगत (स्पेसिस डाइभर्सिटी) विविधता र पारिस्थितिक प्रणालीको विविधता (इकोसिष्टम डाइभर्सिटी) समेतलाई जनाउँछ ।

(ट) "ताल" भन्नाले कुण्ड, पोखरी, ताल, दह, तलाउ, प्राकृतिक वा कृत्रिम जलाशय, सिमसार, मत्स्य पालनका लागि जडान भएको पिंजडा (केज) तथा माछा पालन गरेको धान खेत समेत सम्झनुपर्छ ।

(ठ) "दिगो उपयोग" भन्नाले जलचर, जलीय जैविक विविधता र जलीय जैविक विविधताका अवयवहरुको उपयोगबाट जलचर तथा जलीय जैविक विविधता र जलीय जैविक विविधताका अवयवहरु दीर्घकालीन रुपमा नघट्ने तथा पूर्ववत् अवस्थामा रहन सक्ने तथा दीर्घकालीन रुपमा संचिति कायम गर्न सक्ने सीमा भित्र रहने गरी गरिएको सदुपयोग सम्झनुपर्छ ।

(ड) "नदी" भन्नाले नदी, खोला, नाला, खहरे, नहर, कुलो, मूल र तिनीहरुको स्रोत तथा मत्स्य पालनका लागि जडान भएको पिंजडा (केज), जलचर ह्याचरी समेत सम्झनुपर्छ ।

(ढ) "परिषद्" भन्नाले ऐनको दफा १७ बमोजिमको जलचर तथा जलीय जैविक विविधता समन्वय परिषद् सम्झनुपर्छ ।

(ण) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(त) "प्राविधिक कर्मचारी" भन्नाले नगरपालिकाले जलचर, वातावरण, कृषि, वन, मत्स्य वा सम्बन्धित विषयमा तोकेको कर्मचारी सम्झनुपर्छ ।

(थ) "मिचाहा प्रजाति" भन्नाले जलीय वनस्पति वा जलचरको कुनै त्यस्तो प्रजाति जुन स्थान विषेश वा पारिस्थितिकीय प्रणालीको रैथाने प्रजाति नभई, तिब्र प्रजनन् र छिटो फैलन सक्ने क्षमता र प्रकृति वा गुणको कारणले आफ्नो प्राकृतिक बिगत वा हालको बासस्थान भन्दा बाहिरको स्थान विषेश वा पारिस्थितिकीय प्रणालीमा स्थापित भै जैविक विविधता, वातावरण, आर्थिक कृयाकलाप र मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने वा पार्न सक्ने प्रजाति सम्झनुपर्छ ।

(द) "वडा" भन्नाले व्यास नगरपालिका अन्तर्गत रहेका वडा सम्झनुपर्छ ।

(ध) "विधान" भन्नाले सामुदायिक जलचर संरक्षण समूहको विधान सम्झनु पर्छ ।

(न) ''समिति" भन्नाले ऐनको दफा १५ बमोजिम गठन भएको जलचर तथा जलीय जैविक विविधता व्यवस्थापन समिति सम्झनुपर्छ ।

(प) "सभा" भन्नाले व्यास नगरपालिकाको नगर सभा सम्झनुपर्छ ।

(फ) "समूह" भन्नाले सामुदायिक नदीको संरक्षण, व्यवस्थापन तथा दिगो उपयोग र सोबाट प्राप्त लाभको समन्यायिक बाँडफाँड गर्न ऐनको दफा २५ बमोजिम दर्ता भएको सामुदायिक जलचर संरक्षण समूह सम्झनुपर्छ ।

(ब) "सामुदायिक नदी" भन्नाले सामुहिक हितको लागि नदी, खोला वा नालाको विकास, संरक्षण र दिगो उपयोग तथा सोबाट प्राप्त लाभको समन्यायिक बाँडफाँड गर्न ऐनको दफा २५ बमोजिम समुदायलाई व्यास नगरपालिकाले सुम्पिएको वा हस्तान्तरण गरेको नदी, खोला वा नाला सम्झनुपर्छ ।

(भ) "संरक्षण क्षेत्र" भन्नाले ऐनको दफा २० बमोजिम जलीय जैविक विविधता संरक्षणका दृष्टिले महत्वपूर्ण जलचर वा जलीय जैविक विविधताको प्रचुरता भएको क्षेत्र, जलीय जैविक विविधताको वासस्थानको संरक्षण वा संकटासन्न प्रजातिहरुको जनसंख्या र पर्यावरणीय समुदायको सुरक्षा गर्न वा ऐतिहासिक तथा साँस्कृतिक महत्वका जलीय स्थलहरु भएको नगरपालिका भित्रको कुनै त्यस्तो नदी, वा खोलाको सम्पूर्ण वा केही भाग वा कुनै पोखरी वा ताल जसलाई कार्यपालिकाले जलचर वा जलीय जैविक विविधता संरक्षण क्षेत्र भनी तोकेको वा कायम गरेको क्षेत्र सम्झनुपर्छ ।

३. **उद्देश्य :**

(क) जलचर तथा जलीय जैविक विविधताको संरक्षण, सम्बर्द्धन र दिगो उपयोग गर्नु ।

(ख) नदी, खोला, ताल, पोखरी तथा जलचरको बासस्थान संरक्षण गर्नु ।

(ग) सामुदायिक जलचर संरक्षण समूहको गठन, दर्ता, हस्तान्तरण, सञ्चालन र अनुगमन व्यवस्थित गर्नु ।

(घ) जलचरमा आश्रित समुदायको जीविकोपार्जन प्रवर्द्धन गर्नु ।

(ङ) महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको समन्यायिक पहुँच र लाभ वितरण सुनिश्चित गर्नु ।

(च) कसुर, उजुरी, अनुसन्धान, बरामदी तथा कारबाही प्रक्रिया व्यवस्थित गर्नु ।

(छ) जलचर तथ्याङ्क, अभिलेख र अनुगमन प्रणाली विकास गर्नु ।

## परिच्छेद २
## संस्थागत व्यवस्था

४. **व्यवस्थापन समिति** : ऐनको दफा १५ ले निर्दिष्ट गरेको मापदण्डका आधारमा नीति, योजना, संरक्षण क्षेत्र, समुदायमा आधारित व्यवस्थापन, तथ्याङ्क, अनुगमन तथा अन्तरस्थानीय तह समन्वयमा कार्यपालिकालाई राय तथा सुझाव दिन निम्नानुसार व्यवस्थापन समिति गठन हुनेछ ।

(क) व्यास नगर प्रमुख अध्यक्ष

(ख) व्यास नगर उपप्रमुख उपाध्यक्ष

(ग) छिमेकी पालिका प्रतिनिधि सदस्य ३ जना

(घ) सम्बन्धित वडाहरु मध्येबाट सदस्य ४ जना

(ङ) वन, वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक सदस्य १

(च) स्थानीयहरुको प्रतिनिधित्व हुने गरी सदस्य ३ जना

(छ) योजना तथा पूर्वाधार विकास शाखा प्रमुख, सदस्य

(ज) प्रमुख प्रशासकीय अधिकृत, सदस्य सचिव

५. **बैठक** : समिति कम्तीमा त्रैमासिक रूपमा बस्नेछ । अध्यक्षले आवश्यकता अनुसार बैठक बोलाउन सक्नेछ । सदस्य सचिवले निर्णय अभिलेख राख्नेछ ।

६. **समन्वय परिषद** : ऐनको दफा १७-१८ बमोजिम गठन हुने समन्वय परिषद्का संयुक्त नीति, योजना, जलाधारस्तरीय कार्यक्रम र अन्तरस्थानीय तह समन्वयका कार्य परिषद्को निर्णयअनुसार सञ्चालन हुनेछन् ।

७. **शाखागत जिम्मेवारी :**

(क) प्राविधिक शाखा–सर्वेक्षण, प्रजाति अभिलेख, संरक्षण योजना, प्राविधिक राय तथा अनुगमन,

(ख) प्रशासन शाखा–दर्ता, पत्राचार, निर्णय कार्यान्वयन तथा अभिलेख,

(ग) लेखा/राजस्व शाखा–जरिवाना, शुल्क तथा आर्थिक अभिलेखमा समन्वय,

(घ) वडा कार्यालय–समुदाय परिचालन, सिफारिस, उजुरी र स्थानीय अनुगमन,

(ङ) वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा, वातावरण स्वच्छतामा सहजीकरण ।

## परिच्छेद ३
## संरक्षण तथा दिगो उपयोग

८. **निषेधित सङ्कलन** : (१) करेन्ट, विष्फोटक, विषालु पदार्थ, निषेधित जाल, रात्रीकालीन सङ्कलन, डोजर/जेसिबीबाट धार परिवर्तन, दुवाली थुन्ने/फर्काउने, घन हान्ने लगायत ऐनले निषेध गरेका माध्यमबाट जलचर समात्न वा मार्न पाइने छैन ।

(२) नगरपालिका क्षेत्रभित्र रहेका नदी, खोलाहरूमा प्रत्येक वर्षको माछा प्रजनन अवधि जेठ १६ गतेदेखि भाद्र १५ गतेसम्म ३ महिना कुनैपनि प्रकारबाट जलचर समात्न वा मार्न पाइने छैन ।

९. **जालको आकार** : (१) नगरपालिकाले प्राविधिक अध्ययन र सरोकारवालाको परामर्शका आधारमा जालको आँखाको न्यूनतम आकार ४० मिलिमिटर (४ से.मी.) भन्दा कम हुने गरी जाल प्रयोग गर्न पाइने छैन । जलचरको भुरा तथा किशोर अवस्थाका माछाको संरक्षणका लागि प्राविधिक अध्ययनबाट आवश्यक देखिएमा नगर कार्यपालिकाले न्यूनतम mesh size ४० मिलिमिटर (४ से.मी.) वा सोभन्दा बढी कायम गर्न सक्नेछ । प्रजनन् तथा भुरा हुर्कने क्षेत्र तोकिएको अवस्थामा कुनै पनि प्रकारको जाल प्रयोग गर्न पाइने छैन" ।

(२) मादी, सेती र सहायक खोलामा ऐनले निषेध गरेका तियारी/गिल नेट, महाजाल वा करेण्ट जाल प्रयोग गर्न पाइने छैन ।

१०. **प्रदूषण नियन्त्रण** : फोहोर, ढल, लिचेट, पेट्रोलियम पदार्थ वा अन्य दूषित पदार्थ नदी/तालमा निस्कासन गर्न पाइने छैन । सवारी साधन, डोजर वा जेसिबी नदी/तालमा धुन वा पखाल्न पाइने छैन ।

११. **मिचाहा प्रजाति नियन्त्रण** : आयातित वा मिचाहा प्रकृतिका जलचर तथा जलीय वनस्पती नदी, सार्वजनिक ताल, तलैया वा दहमा निष्कासन हुन नदिन मत्स्यपालन गर्ने व्यक्ति/निकायले आवश्यक जैवसुरक्षा उपाय अपनाउनु पर्नेछ ।

१२. **वातावरणीय अध्ययन** : जलचर तथा जलीय जैविक विविधतामा प्रतिकूल प्रभाव पार्न सक्ने प्रस्तावले प्रचलित कानूनबमोजिम आवश्यक वातावरणीय अध्ययन तथा वातावरणीय व्यवस्थापन योजना स्वीकृत नगराई कार्यान्वयन गर्न पाउने छैन ।

१३. **संरक्षित प्रजाति** : ऐन, प्रचलित कानून वा कार्यपालिकाको आदेशबाट संरक्षित तोकिएका प्रजातिको सूची कार्यालयले राख्नेछ । घाइते वा जोखिममा रहेका जलचरको उद्धार/संरक्षणका लागि आवश्यक प्राविधिक सहयोग गरिनेछ ।

## परिच्छेद ४
## सर्वेक्षण तथा संरक्षण योजना

१४. **जलचर सर्वेक्षण** : नगरपालिकाले विशेषज्ञ तथा स्थानीय जानिफकारको सहभागितामा जलचर सर्वेक्षण गर्न सक्नेछ । प्रजाति, संख्या/सञ्चिति, बासस्थान, प्रजनन क्षेत्र, जोखिम र उपयोगको विवरण अभिलेख गरिनेछ ।

१५ **अभिलेख अद्यावधिक** : ऐनबमोजिमको जलचर लगत कार्यालयमा सुरक्षित राखी आवश्यकता अनुसार अद्यावधिक गरिनेछ ।

१६. **संरक्षण योजना** : नदी/खोला/तालको संरक्षण योजना तयार गर्दा क्षेत्र, प्रजाति, जोखिम, निषेधित क्षेत्र, संरक्षण गतिविधि, बजेट, जिम्मेवारी, समयसीमा र अनुगमन सूचक समावेश गरिनेछ ।

## परिच्छेद ५
## संरक्षण क्षेत्र

१७. **प्रस्ताव** : वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा, प्राविधिक शाखा, वडा, समुदाय वा व्यवस्थापन समितिको सिफारिसमा संरक्षण क्षेत्रको प्रस्ताव तयार गर्न सकिनेछ । प्रस्तावमा चार किल्ला, नक्सा, क्षेत्रफल, जैविक महत्व, संरक्षणको कारण र व्यवस्थापन व्यवस्था समावेश हुनेछ ।

१८. **परामर्श** : घोषणाअघि सम्बन्धित वडा, स्थानीय समुदाय, जलचरमा आश्रित समुदाय तथा अन्य सरोकारवालासँग आवश्यक परामर्श गरिनेछ ।

१९. **घोषणा** : कार्यपालिकाको निर्णयपछि संरक्षण क्षेत्र स्थानीय राजपत्रमा प्रकाशन गरी सूचना बोड तथा अन्य माध्यमबाट सार्वजनिक गरिनेछ ।

२०. **संरक्षण क्षेत्रभित्र सेवा** : होमस्टे, होटल, लज, जलीय पर्यटन, जलयात्रा, यातायात वा अन्य सेवा ऐनको दफा २२ तथा यस कार्यविधिअनुसार करार गरी मात्र सञ्चालन गर्न सकिनेछ ।

२१. **करार प्रक्रिया** : प्रस्ताव आह्वान/आवेदन, प्राविधिक तथा वातावरणीय मूल्याङ्कन, स्थानीय लाभ, शुल्क, सुरक्षा, अनुगमन, वातावरणीय दायित्व र करार समाप्तिका शर्त उल्लेख गरी सम्झौता गरिनेछ ।

## परिच्छेद ६
## सामुदायिक समूह गठन, दर्ता तथा हस्तान्तरण

२२. **आवेदन** : नदी वा ताललाई सामुदायिक रूपमा व्यवस्थापन गर्न चाहने समुदायले सम्बन्धित वडा समितिको सिफारिससहित अनुसूची-१ बमोजिम निवेदन दिनेछ ।

२३. **प्रारम्भिक जाँच** : निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले प्राविधिक कर्मचारी खटाई क्षेत्र, आश्रित घरधुरी, परम्परागत उपयोग, व्यवस्थापन क्षमता र समुदायको चाहना जाँच गराउनेछ ।

२४. **घरधुरी पहिचान** : जलचरमा आश्रित, नदी/तालमा आश्रित, परम्परागत रूपमा उपयोग गर्ने, पायक पर्ने, संरक्षणमा योगदान दिन सक्ने तथा समूहमा समावेश हुन चाहने घरधुरीलाई ऐनको दफा २४ बमोजिम पहिचान गरिनेछ ।

२५. **समूह गठन** : सम्बन्धित घरधुरीको भेलाबाट समूह गठन गरिनेछ । भेलाको निर्णय, उपस्थितिको विवरण र प्रत्येक घरधुरीको प्रतिनिधिको सहिछाप समेतको अभिलेख गरिनेछ ।

२६. **विधान** : विधानमा ऐनको दफा २६ मा उल्लिखित नाम, क्षेत्र, नक्सा, प्रजाति, प्रजनन क्षेत्र, निषेधित क्षेत्र, जाल नियन्त्रण, सदस्यता, समावेशिता, कार्यसमिति, आय/खर्च, लाभ वितरण, हेरालु र आन्तरिक अनुशासनका विषय अनिवार्य रूपमा समावेश गरिनेछ ।

२७. **दर्ताका कागजात :**

(क) वडा सिफारिस

(ख) समूह भेलाको निर्णय

(ग) विधान

(घ) सदस्य/घरधुरी विवरण

(ङ) नदी तालको नक्शा तथा चार किल्ला

(च) प्राविधिक निरीक्षण प्रतिवेदन

(छ) समावेशिता विवरण

(ज) अन्य आवश्यक कागजात

२८. **दर्ता** : कागजात पूरा भई समूह ऐन तथा विधान अनुसार गठन भएको देखिएमा कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले समूह दर्ता गर्नेछन् र शर्त पालना गर्ने कबुलियतनामा गराउनेछन् ।

२९. **हस्तान्तरण** : दर्तापछि कार्यपालिकाको निर्णयअनुसार निश्चित नदी/ताल क्षेत्र समूहलाई विकास, संरक्षण, व्यवस्थापन तथा दिगो उपयोगका लागि सुम्पन वा हस्तान्तरण गर्न सकिनेछ ।

३०. **प्रमाणपत्र** : हस्तान्तरण प्रमाणपत्र अनुसूची-२ बमोजिम जारी गरिनेछ । प्रमाणपत्रमा क्षेत्र, चार किल्ला र पालना गर्नुपर्ने विशेष शर्त उल्लेख गरिनेछ ।

३१. **स्वामित्व** : हस्तान्तरणबाट नदी वा तालको स्वामित्व समूहमा हस्तान्तरण भएको मानिने छैन ।

## परिच्छेद ७
## समूह शासन तथा समावेशिता

३२. **समावेशिता** : साधारण सदस्यमा ऐनको दफा २८ बमोजिम कम्तीमा ५१ प्रतिशत महिला, एकल महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गका सदस्य समावेश भएको सुनिश्चित गर्नुपर्नेछ ।

३३. **कार्यसमिति** : कार्यसमिति कम्तीमा ७ र बढीमा १५ सदस्यीय हुनेछ । कार्यकाल ३ वर्षको हुनेछ । एउटै पदमा लगातार दुई कार्यकालभन्दा बढी रहन पाइने छैन ।

३४. **साधारण सभा** : प्रत्येक आर्थिक वर्षमा साधारण सभा गरी वार्षिक कार्यक्रम, लेखापरीक्षण प्रतिवेदन र आगामी वर्षको कार्ययोजना पारित गर्नुपर्नेछ । समूहमा हस्तान्तरण नभएको अवस्थामा नगरपालिकाले आवश्यक व्यवस्था गर्नेछ ।

३५. **हेरालु** : समूहले नियमित संरक्षण गस्तीका लागि हेरालु/स्वयंसेवक परिचालन गर्न सक्नेछ । शंकास्पद कार्य देखिएमा नगर, वडा वा प्रहरीलाई जानकारी गराउनेछ ।

३६. **सदस्यता शुल्क** : सदस्यता शुल्क विपन्न सदस्यले समेत वहन गर्न सक्ने मनासिव रकममा निर्धारण गर्नुपर्नेछ । ऐनबमोजिम आवश्यक अवस्थामा आंशिक वा पूर्ण मिनाहा गर्न सकिनेछ ।

३७. **नयाँ सदस्य** : अंशवण्डा, बसाइँसराइ वा अन्य कारणले सामुदायिक नदी क्षेत्रमा आउने नयाँ घरधुरीबाट विद्यमान सदस्यता शुल्कमा बढीमा २५ प्रतिशतसम्म मात्र थप शुल्क लिन सकिनेछ ।

## परिच्छेद ८
## सङ्कलन, बिक्री, शुल्क तथा लाभ

३८. **सङ्कलन** : प्रचलित कानुन, ऐन, नियमावली, कार्यपालिकाको आदेश र विधानले प्रतिबन्ध गरेका जलचर तथा क्षेत्र बाहेक अन्य जलचरको सङ्कलन तथा बिक्री वितरण गर्न सकिनेछ ।

३९. **सङ्कलन क्षेत्र/समय** : प्रजनन क्षेत्र, भुरा हुर्कने क्षेत्र तथा वर्षभरि संरक्षणका लागि तोकिएका क्षेत्रबाट सङ्कलन गर्न पाइने छैन । अन्य क्षेत्रमा समूहको विधानमा तोकिएको समय र दिनको सीमाभित्र सङ्कलन गरिनेछ ।

४०. **सेवा शुल्क** : सदस्यले सङ्कलन गरेको माछाको बजार मूल्यको कम्तीमा ३ प्रतिशत र बढीमा ७ प्रतिशतसम्म सेवा शुल्क निर्धारण गर्न सकिनेछ ।

४१. **शुल्क अभिलेख** : सङ्कलनकर्ता, मिति, परिमाण, बजार मूल्य, शुल्क र रसिद नम्बरको अभिलेख राखिनेछ ।

४२. **आयको उपयोग** : वार्षिक आयको कम्तीमा ३० प्रतिशत नदी/ताल विकास, संरक्षण तथा व्यवस्थापनमा, कम्तीमा ४० प्रतिशत विपन्न सदस्यलाई टेवा तथा महिला सशक्तीकरणमा र बाँकी समूहको हित, विकास तथा गरिबी न्यूनीकरणमा उपयोग गर्नुपर्नेछ ।

४३. **लाभ वितरण** : महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न सदस्यलाई ऐनबमोजिम समन्यायिक पहुँच तथा लाभ सुनिश्चित गरिनेछ ।

## परिच्छेद ९
## कोष, लेखा तथा प्रतिवेदन

४४. **कोष** : समूहको छुट्टै कोष हुनेछ । सदस्यता शुल्क, सेवा शुल्क, उद्यम/पर्यापर्यटन आय, सरकारी अनुदान, सहायता/दान, ऐनबमोजिम जरिवानाबाट प्राप्त ६० प्रतिशत रकम, समूहको विधानबमोजिमको जरिवाना तथा अन्य वैधानिक रकम कोषमा जम्मा हुनेछ ।

४५. **बैंक खाता** : समूहको नाममा बैंक खाता खोली अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये समितिले निर्णय गरे अनुसार कोषाध्यक्ष अनिवार्य रहने गरी दुई जनाको नाममा संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

४६. **खर्च** : खर्च स्वीकृत कार्यक्रम/बजेट तथा विधानअनुसार गर्नुपर्नेछ । बिल, भरपाई, निर्णय र प्रमाण सुरक्षित राख्नुपर्नेछ ।

४७. **लेखापरीक्षण** : वार्षिक लेखापरीक्षण गराई ऐनबमोजिम आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र प्रतिवेदनको एक प्रति नगरपालिकामा पेश गर्नुपर्नेछ ।

४८. **वार्षिक प्रतिवेदन** : आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र वार्षिक प्रगति प्रतिवेदन, आर्थिक विवरण र आगामी वर्षको कार्ययोजना नगरपालिकामा पेश गर्नुपर्नेछ ।

## परिच्छेदद १०
## अनुगमन तथा मूल्याङ्कन

४९. **अनुगमन** : नगरपालिका तथा वडास्तरमा आवश्यकताअनुसार अनुगमन समिति गठन गरिनेछ ।

५०. **चौमासिक अनुगमन** : हस्तान्तरण गरिएको सामुदायिक नदी वा तालको कम्तीमा चौमासिक रूपमा अनुगमन गरी प्रतिवेदन कार्यपालिकामा पेश गरिनेछ ।

५१. **अनुगमनका सूचक** :

(क) जलचर/प्रजातिको अवस्था
(ख) प्रजनन क्षेत्र संरक्षण
(ग) निषेधित जाल/औजार
(घ) प्रदूषण तथा उत्खनन
(ङ) समूहको वित्तीय पारदर्शिता
(च) समावेशिता तथा लाभ वितरण
(छ) संरक्षण बजेट कार्यान्वयन
(ज) उजुरी तथा कारबाही

५२. **सुधारात्मक निर्देशन** : कमजोरी देखिएमा समयसीमा तोकी सुधारात्मक निर्देशन दिन सकिनेछ । गम्भीर उल्लङ्घन भएमा ऐनबमोजिम कारबाही अघि बढाइनेछ ।

## परिच्छेद ११
## उजुरी, अनुसन्धान तथा कारबाही

५३. **उजुरी** : ऐन वा कार्यविधि विपरीत कार्य भएको जानकारी पाएमा कुनै व्यक्ति वा निकायले अनुसूची-३ बमोजिम उजुरी दिन सक्नेछ ।

५४. **प्रारम्भिक जाँच** : उजुरी प्राप्त भएपछि प्रारम्भिक जाँच गराई कसुरको सम्भावना देखिएमा अनुसन्धान अधिकृतलाई जिम्मेवारी दिइनेछ ।

५५. **अनुसन्धान अधिकृत** : ऐनको दफा ४९ बमोजिम कम्तीमा पाँचौं तहको कर्मचारीलाई अनुसन्धान अधिकृत तोक्न सकिनेछ । आवश्यकताअनुसार जिल्ला सरकारी वकिल कार्यालयको परामर्श लिन सकिनेछ ।

५६. **प्रमाण सङ्कलन** : स्थलगत निरीक्षण, फोटो/भिडियो, साक्षी, बरामद सामग्री, अनुमति/कागजात, रसिद तथा अन्य सम्बन्धित प्रमाण सङ्कलन गरिनेछ ।

५७. **बरामदी** : ऐनको दफा ५३ बमोजिम कब्जा गरिएको सामग्रीको कम्तीमा तीन जना व्यक्तिको रोहवरमा बरामदी मुचुल्का तयार गरी वडा कार्यालय वा नगरपालिकामा बुझाइनेछ ।

५८. **स्पष्टीकरण** : कानूनबमोजिम आवश्यक अवस्थामा सम्बन्धित व्यक्तिलाई सफाइ/स्पष्टीकरणको अवसर दिई अनुसन्धान प्रतिवेदनका आधारमा अधिकारप्राप्त अधिकारीबाट निर्णय गरिनेछ ।

५९. **जरिवाना** : जरिवाना ऐनको दफा ४७ बमोजिम मात्र हुनेछ । यस कार्यविधिले ऐनमा तोकिएकोभन्दा फरक वा थप जरिवाना सिर्जना गर्ने छैन ।

६०. **बरामद सामग्री व्यवस्थापन** : बरामद सामग्री ऐनको दफा ५३ तथा सम्बन्धित निर्णय वा अदालतको आदेशबमोजिम लिलाम, नष्ट वा अन्य व्यवस्था गरिनेछ ।

६१. **पुनरावेदन** : निर्णय वा जरिवाना आदेशमा सम्बन्धित व्यक्तिलाई ऐनबमोजिम उपलब्ध पुनरावेदनको हक र म्यादबारे जानकारी गराइनेछ ।

## परिच्छेद १२
## नवीकरण, फिर्ता तथा पुनः हस्तान्तरण

६२. **नवीकरण** : समूहले प्रत्येक दुई वर्षमा आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र सम्बन्धित वडा कार्यालयको सिफारिससहित नगरपालिकामा नवीकरण गराउनुपर्नेछ ।

६३. **नवीकरणका कागजात :**
(क) वडा सिफारिस

(ख) अद्यावधिक सदस्य/कार्यसमिति विवरण
(ग) वार्षिक प्रतिवेदन
(घ) लेखापरीक्षण प्रतिवेदन
(ङ) आम्दानी/खर्च विवरण
(च) संरक्षण प्रगति
(छ) चौमासिक अनुगमन प्रतिवेदन
(ज) अघिल्लो निर्देशन पालना विवरण

६४. **सुधारको अवसर** : दर्ता खारेज वा नदी/ताल फिर्ता लिने निर्णयअघि ऐनबमोजिम समूहलाई सफाइ पेश गर्ने अवसर दिइनेछ ।

६५. **फिर्ता** : समूहले कार्य गर्न नसकेको, नदी/ताल वा जैविक विविधतामा उल्लेखनीय प्रतिकूल असर पारेको वा ऐन/नियम/ आदेशका शर्त पालना नगरेको अवस्थामा ऐनको दफा ४० बमोजिम दर्ता खारेज तथा नदी/ताल फिर्ता लिन सकिनेछ ।

६६. **पुनः हस्तान्तरण** : ऐनको दफा ४१ बमोजिम सम्बन्धित निर्णय बदर भएमा साविक समूहलाई पुनः सुम्पन सकिनेछ ।

## परिच्छेद १३
## पुरस्कार, जनचेतना तथा क्षमता विकास

६७. **पुरस्कार** : कसुरको सुराक दिने वा अभियुक्त पक्राउ गर्न सहयोग गर्ने व्यक्तिलाई ऐनबमोजिम पुरस्कार दिइनेछ । संरक्षणमा उत्कृष्ट योगदान गर्ने समूहलाई कार्यपालिकाले पुरस्कार/सम्मान दिन सक्नेछ ।

६८. **जनचेतना** :
(क) विद्यालय तथा समुदायमा जलचर संरक्षण शिक्षा
(ख) नदी/ताल संरक्षण अभियान
(ग) निषेधित जाल, करेन्ट तथा विष प्रयोग विरुद्ध सूचना
(घ) मिचाहा प्रजाति नियन्त्रण
(ङ) संरक्षणमैत्री जीविकोपार्जन

६९. **क्षमता विकास** : समूहका पदाधिकारी, हेरालु, महिला तथा विपन्न सदस्य, वडा प्रतिनिधि र कर्मचारीका लागि संरक्षण, लेखा, अनुगमन, अभिलेख तथा कानुनी प्रक्रियासम्बन्धी तालिम सञ्चालन गर्न सकिनेछ ।

## परिच्छेद १४
## विविध

७०. **अभिलेख** : नगरपालिकाले सामुदायिक नदी/ताल, समूह, संरक्षण क्षेत्र, प्रजाति, अनुगमन, उजुरी, अनुसन्धान, जरिवाना तथा प्रतिवेदनको अभिलेख राख्नेछ ।

७१. **अधिकार प्रत्यायोजन** : ऐनको दफा ५५ बमोजिम प्रत्यायोजित अधिकार यस कार्यविधि तथा प्रचलित कानूनको सीमाभित्र प्रयोग गरिनेछ ।

७२. **समन्वय** : प्रहरी, वन, प्रशासन, सम्बन्धित संघ/प्रदेश निकाय, स्थानीय तह तथा अन्य सरोकारवालासँग आवश्यक समन्वय गरिनेछ ।

७३. **बाधा अड्काउ** : कार्यविधि कार्यान्वयनमा व्यावहारिक बाधा आएमा ऐन र प्रचलित कानूनसँग नबाझिने गरी कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

७४. **संशोधन** : ऐन, नियमावली वा प्रचलित कानूनमा परिवर्तन वा कार्यान्वयनबाट सुधार आवश्यक देखिएमा कार्यपालिकाले कार्यविधि संशोधन गर्न सक्नेछ ।

७५. **प्रचलित कानून** : यस कार्यविधिमा व्यवस्था नभएका विषय ऐन, नियमावली तथा प्रचलित कानूनबमोजिम हुनेछन् ।

७६. **बचाउ** : यस कार्यविधिको उद्देश्य तथा विषय क्षेत्रमा कानूनबमोजिम यसअघि भएका कार्यहरू यस कार्यविधिसँग नबाझिने हदसम्म कायम रहनेछन् ।

## अनुसूची १
## (दफा २३ सँग सम्बन्धित)
## सामुदायिक जलचर संरक्षण समूह दर्ताको निवेदन

श्रीमान् नगर प्रमुखज्यू,
व्यास नगर कार्यपालिकाको कार्यालय, दमौली, तनहुँ ।

विषय : सामुदायिक जलचर संरक्षण समूह दर्ता गरिदिने बारे ।

समूहको नाम : ....................................... वडा : ........ नदी/ताल : ........................
प्रस्तावित क्षेत्र/चार किल्ला : ........................................................
घरधुरी संख्या : .......... सम्पर्क व्यक्ति : ........................................
संलग्न : वडा सिफारिस, समूह भेलाको निर्णय, विधान, सदस्य/घरधुरी विवरण, नक्सा/चार किल्ला, प्राविधिक विवरण ।
निवेदकको नाम/पद/दस्तखत : .................................... मिति : ................

---

## अनुसूची २
## दफा ३१ सँग सम्बन्धित)
## सामुदायिक नदी/ताल हस्तान्तरण प्रमाणपत्र

प्रमाणपत्र नं. : ............ मिति : ............

श्री ................................ सामुदायिक जलचर संरक्षण समूहलाई ................................ नदी/तालको ................................ क्षेत्र संरक्षण, व्यवस्थापन तथा दिगो उपयोगका लागि ऐनबमोजिम हस्तान्तरण गरिएको प्रमाणित गरिन्छ ।

विशेष शर्त : ऐन/नियम/कार्यविधि/आदेश/विधान पालना गर्ने; स्वामित्व हस्तान्तरण नहुने; संरक्षित प्रजाति संरक्षण गर्ने; चौमासिक अनुगमनमा सहयोग गर्ने; वार्षिक प्रतिवेदन र लेखापरीक्षण पेश गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत : ............................ दस्तखत/छाप

---

## अनुसूची ३
## (दफा ५४ सँग सम्बन्धित)
## उजुरी फाराम

उजुरीकर्ता : ........................................................
सम्पर्क : ........................................................
घटना स्थान : ........................................................
मिति/समय : ........................................................
सम्बन्धित व्यक्ति/संस्था : ........................................................
घटनाको विवरण : ........................................................
उपलब्ध प्रमाण/साक्षी : ........................................................
दर्ता नं./मिति : ........................................................
उजुरीकर्ताको दस्तखत : ........................................................

**आज्ञाले**
सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत